# कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६

कर्णाली प्रदेश विनियोजन ऐन, २०७६ को दफा ८ को अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि कर्णाली प्रदेश राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "उपभोक्ता समिति" भन्नाले स्थानीय स्तरमा सञ्चालन हुने भनी प्रदेश सरकार वा अन्य निकायले निर्धारण गरेको कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुले त्यस्तो कार्यक्रम कार्यान्वयन, सञ्चालन र व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम गठन गरेको समिति सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने पूर्वाधार विशेष कार्यक्रम सम्झनु पर्दछ र सो शब्दले त्यस्ता कार्यक्रम अन्तर्गत सञ्चालन हुने पूर्वाधार निर्माण आयोजना तथा कार्यक्रम समेतलाई जनाउँछ ।

(ग) "कार्यक्रम परामर्श समिति" भन्नाले नियम ३ बमोजिमको कार्यक्रम परामर्श समिति सम्झनुपर्छ।

(घ) "कार्यालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतको पूर्वाधार विकास कार्यालय वा पूर्वाधार विकास कार्यालयको काम गर्न तोकिएको कार्यालय सम्झनुपर्छ।

(ङ) "विषयगत कार्यालय" भन्नाले प्रदेश सरकारका विभिन्न मन्त्रालय अन्तर्गत निश्चित कार्यक्षेत्र भएका कार्यालय, सम्बन्धित डिभिजन कार्यालय लगायत प्रदेश सरकार मातहतका मन्त्रालय तथा निकायहरुलाई सम्झनुपर्छ ।

(च) "निर्देशक समिति" भन्नाले नियम ५ बमोजिम गठित कार्यक्रम निर्देशक समिति सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले दफा ३ बमोजिम गठित कार्यक्रम निर्देशन तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

(झ) "स्थानीय तह" भन्नाले प्रदेशस्थित नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ ।

(ञ) "संयोजक" भन्नाले दफा ३ बमोजिम गठन हुने कार्यक्रम परामर्श समितिको संयोजक सम्झनुपर्छ।

(ट) "प्रदेश सभा सदस्य" भन्नाले कर्णाली प्रदेश सभा सदस्यलाई सम्झनुपर्छ ।

३. **कार्यक्रम परामर्श समितिः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमको कार्यान्वयन र व्यवस्थापनको कार्यलाई समन्वय र सहजीकरण गर्न प्रत्येक निर्वाचन क्षेत्रमा देहाय बमोजिमको सदस्य रहेको एक कार्यक्रम परामर्श समिति रहनेछः

(क) सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रको पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्य -संयोजक

(ख) सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी बसोबास भएका समानुपातिक निर्वाचन



सचिव

प्रमुख सचिव

प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्य -सदस्य

(ग) सम्बन्धित जिल्ला समन्वय प्रमुख र उपप्रमुख -सदस्य

(घ) निर्वाचन क्षेत्रमा पर्ने नगरपालिकाका प्रमुख र उपप्रमुख -सदस्य

(ङ) निर्वाचन क्षेत्रमा पर्ने गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष -सदस्य

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्य आफ्नो स्थायी ठेगाना भएको निर्वाचन क्षेत्रको कार्यक्रम परामर्श समितिमा सदस्य हुनेछन् ।

(३) सम्बन्धित पूर्वाधार विकास कार्यालयको प्रमुखले उपनियम (१) बमोजिमको समितिको सचिव भई काम गर्नेछ ।

४. **कार्यक्रम परामर्श समितिको काम, कर्तव्य र अधिकार :** (१) दफा ३ बमोजिमको कार्यक्रम परामर्श समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) यस कार्यविधि बमोजिम निर्वाचन क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको समन्वय र सहजीकरण गर्ने,

(ख) आफ्नो निर्वाचन क्षेत्रभित्र यस कार्यविधि बमोजिम लागत साझेदारी हुन सक्ने आयोजनाहरुको विवरण सङ्कलन गरी समितिलाई उपलब्ध गराउने,

(ग) कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान गर्न सहजीकरण गर्ने,

(घ) जिल्लाका एक भन्दा बढी निर्वाचन क्षेत्रमा प्राथमिकतामा रहेका संयुक्त आयोजना पहिचान गर्ने,

(ङ) कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन समितिलाई आवश्यक सल्लाह तथा सहयोग उपलब्ध गराउने ।

(२) कार्यक्रम परामर्श समितिको बैठक आवश्यकता अनुसार संयोजकले बोलाउनेछ ।

(३) कार्यक्रम परामर्श समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. **कार्यक्रम निर्देशक समितिः** (१) यस कार्यविधि बमोजिम कार्यक्रमको छनौट गर्न प्रत्येक निर्वाचन क्षेत्रमा कार्यक्रम परामर्श समितिको संयोजकको संयोजकत्वमा दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यहरु रहेको एक कार्यक्रम निर्देशक समिति रहनेछ ।

(२) सम्बन्धित पूर्वाधार विकास कार्यालयको कार्यालय प्रमुखले निर्देशक समितिको सचिव भई काम गर्नेछ ।

६. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) निर्वाचन क्षेत्र अन्तर्गत रहेका स्थानीय तहको वार्षिक विकास कार्यक्रम सङ्कलन तथा विश्लेषण गर्ने,

(ख) कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना छनौटका मापदण्ड तयार गर्ने र आयोजना छनौट गर्ने,

(ग) दफा ८ बमोजिम छनौट भएका आयोजनाको स्वीकृति दिने,

(घ) समितिबाट स्वीकृत भएका आयोजना कार्यान्वयन प्रक्रिया अगाडि बढाउनको लागि पूर्वाधार विकास कार्यालयमा लेखी पठाउने ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिव

प्रमुख सचिव

७. **कार्यक्रम निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक आवश्यकता अनुसार सम्बन्धित जिल्लामा संयोजकले तोकेको स्थान र मितिमा सचिवले बोलाउनेछ । बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तिमा सात दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(२) जिल्लाका एक भन्दा बढी निर्वाचन क्षेत्रका साझा आयोजना छनौट गरी कार्यान्वयन गर्नु पर्ने भएमा त्यस्तो जिल्ला भित्रका समितिहरुको संयुक्त बैठक बस्न सक्नेछ । त्यस्तो संयुक्त बैठकको निर्णय बमोजिम आयोजना छनौट गरी कार्यान्वयन गर्न सकिनेछ । संयुक्त बैठकको अध्यक्षता यस कार्यविधिको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमका संयोजकहरुमध्ये ज्येष्ठ संयोजकले गर्नेछन् ।

(३) उपदफा (२) बमोजिम आयोजना छनौट भएमा आयोजना कार्यान्वयन गर्न लाग्ने लागत कसले कति व्यहोर्ने हो सो समेत खुलाउनु पर्नेछ ।

(४) निर्देशक समितिको संयोजक निलम्बनमा रहेको वा अन्य कुनै कारणले संयोजकको पद रिक्त रहेको अवस्थामा मन्त्रालयले तोकेको पदाधिकारीले बैठकको संयोजकत्व गर्नेछ ।

(५) निर्देशक समितिको बैठकमा संयोजक बाहेकका अन्य कुनै सदस्यको अनुपस्थितिका कारणले मात्र समितिको काम कारबाहीमा बाधा पुग्ने छैन ।

(६) निर्देशक समितिमा सहमतिको आधारमा निर्णय हुनेछ ।

(७) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **आयोजना छनौटः** (१) यस कार्यविधि बमोजिम छनौट हुने आयोजनाहरु दफा ९ मा उल्लिखित पूर्वाधार विकाससँग सम्बन्धित आयोजनाहरु मध्येबाट हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना छनौट गर्दा एक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना छनौट गरी अनुसूची-१ बमोजिमको कार्यान्वयन कार्यतालिका समेत बनाई जिम्मेवारी तोकी समितिले सम्बन्धित कार्यालयमा भाद्र मसान्तसम्म पेश गरिसक्नुपर्नेछ । सो अवधिभित्र कुनै कारणवश योजना छनौट गरी पेश गर्न नसकेको अवस्थामा मन्त्रालयले योजना पेश गर्ने अवधि बढीमा पन्ध्र दिन थप गर्न सक्नेछ।

तर चालु आर्थिक वर्ष २०७६/७७ को हकमा समितिले आयोजना छनौट गरी मंसिर मसान्तसम्म छनौट गरी कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) यस कार्यविधि बमोजिम आयोजना छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा उपलब्ध हुने कुल रकम मध्ये कम्तिमा २ वटा ठूला पूर्वाधारका योजना छनौट गर्नुपर्नेछ, जसमा प्रति योजना कम्तिमा एक करोड रुँपैया विनियोजन गर्नुपर्नेछ । यसरी ठूला पूर्वाधारका योजनामा बजेट विनियोजन गरी बाँकी हुन आएको रकम मध्ये बीस लाख वा सो भन्दा बढि लागत अनुमान भएका योजनाहरु छनौट गर्नुपर्नेछ ।

(४) प्रदेश सरकारबाट आर्थिक वर्षको बीचमा पूर्वाधार विशेष कार्यक्रमको लागि थप बजेट निकासा भएमा वा समयमै रकम निकासा नभएमा रकम निकासा भएको बढीमा एक महिना भित्र आयोजना छनौट गरी सक्नुपर्नेछ।

(५) सम्बन्धित कार्यालयले आयोजना तथा कार्यक्रम छनौट भएको ७ दिनभित्र अनुसूचि १ बमोजिमको कार्यान्वयन तालीका सहितको कार्यक्रमको विवरण मन्त्रालय, सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय र सम्बन्धित स्थानीय तहमा सहित पठाउनु पर्नेछ ।



सचिव

प्रमुख सचिव

(६) उपदफा (५) मा उल्लिखित अवधिभित्र कार्यालयले अनुसूचि २ बमोजिमको विवरण मन्त्रालय र सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा पठाउनुपर्नेछ ।

(७) उपदफा (२) बमोजिम छनौट भएका आयोजनाको सम्झौता माघ महिना भित्र हुन नसकेमा निर्देशक समितिले सो आयोजना परिवर्तन गरी माघ पन्ध्र गतेभित्र सोही निर्वाचन क्षेत्र अन्तर्गतको अर्को आयोजना छनौट गर्न सक्नेछ । सो को जानकारी पूर्वाधार विकास कार्यालय र प्रदेश लेखा इकाई कार्यालयमा दिनुपर्नेछ ।

तर चालू आ.ब. २०७६/७७ को लागि यस उपदफा बमोजिम फागुन मसान्त सम्ममा आयोजनाको सम्झौता हुन नसकेमा निर्देशक समितिले सो आयोजना परिवर्तन गरी चैत्र पन्ध्र गते भित्र सोही निर्वाचन क्षेत्रको अर्को आयोजना छनौट गर्न सक्नेछ ।

(८) निर्देशक समितिले यस कार्यविधि बमोजिम एक भन्दा बढी स्थानीय तह वा निर्वाचन क्षेत्रमा पर्ने आयोजनाको कार्यान्वयन कुनै एउटा स्थानीय तहबाट हुने गरी वा कामको परिमाणको आधारमा सम्बन्धित स्थानीय तहहरुमा विभाजन गरी तोक्न सक्नेछ ।

(९) उपदफा (२) बमोजिम तोकिएको अवधिभित्र आयोजना छनौट गरी पेश हुन नआएमा उक्त निर्वाचन क्षेत्रमा यस कार्यक्रम सञ्चालन हुनेछैन ।

(१०) यस दफा बमोजिम कुनै निर्वाचन क्षेत्रमा तोकिएको अवधिभित्र आयोजना छनौट भई कार्यक्रम कार्यान्वयन हुन नसक्ने अवस्था भएका मन्त्रालयको सिफारिशमा आर्थिक मामिला तथा योजना मन्त्रालयले उक्त निर्वाचन क्षेत्रको लागि पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत विनियोजन गरेको रकम अन्यत्र रकमान्तर गर्न सक्नेछ ।

(११) उपदफा (२) बमोजिम आयोजना छनौट गर्दा देहाय बमोजिम प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना छनौट गर्नुपर्नेछः-

(क) प्रदेशको आवधिक योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी योजना,

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) बढी जनसहभागिता हुने, उपभोक्ता समितिबाट सञ्चालन र व्यवस्थापन हुने पूर्वाधार सम्बन्धी आयोजना,

(घ) विपद्बाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्वतयारी र जोखिम न्यूनीकरण सम्बन्धी आयोजना,

(ङ) एक आर्थिक वर्षमा सम्पन्न हुन सक्ने प्रकृतिका पूर्वाधार सम्बन्धी आयोजना,

(च) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका नगरपालिका वा गाउँपालिकाले सिफारिश गरेका र प्रदेशको बजेट तथा कार्यक्रममा नपरेका आयोजनाहरु,

(१२) यस कार्यविधि बमोजिम आयोजना छनौट र बजेट विनियोजन गर्दा सोही आर्थिक वर्षमा सम्पन्न हुने गरी आयोजना कार्यान्वयनको निम्ति आवश्यक पर्ने बजेट विनियोजन गर्नुपर्नेछ ।

(१३) कार्यक्रम अन्तर्गत राजनैतिक दल सम्बद्ध संघ, संगठनको पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्न, जग्गा खरिद वा मुआब्जा वितरण गर्न, सामग्री खरिद गरी वितरण गर्न, गैर सरकारी संस्था वा



प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

सचिव

प्रमुख सचिव

सहकारी संस्था मार्फत आयोजना कार्यान्वयन गर्न र भौतिक पूर्वाधार विकास बाहेक अन्य प्रकृतिका आयोजना छनौट गर्न पाइने छैन ।

तर सामुदायिक विद्युतीकरसँग सम्बन्धित सहकारी संस्था मार्फत सम्बन्धित क्षेत्रको विद्युतीकरण गर्ने आयोजना कार्यान्वयन गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

९. <u>आयोजनाको किसिम:</u> यस कार्यविधि बमोजिम देहाय बमोजिमका भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्न सकिनेछः

(क) सडक, मोटर पुल, बेलिब्रिज, झोलुङ्गे पुल, कल्भर्ट निर्माण सम्बन्धी आयोजना,

(ख) खानेपानी तथा सिंचाई सम्बन्धी आयोजना,

(ग) सामुदायिक विद्यालय तथा क्याम्पसको भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना,

(घ) स्वास्थ्य चौकी र प्रसुति केन्द्र भवन निर्माण आयोजना,

(ङ) कृषि उपज संकलन केन्द्र, कृषि फार्म, चिस्यान केन्द्र निर्माण तथा हाट बजार व्यवस्थापन सम्बन्धी आयोजना,

(च) जडिबुटी संकलन, प्रशोधन र बजारीकरण सम्बन्धी पूर्वाधार आयोजना,

(छ) नवीकरणीय ऊर्जा तथा बैकल्पिक ऊर्जा, लघु जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(ज) पर्यटकीय पूर्वाधार निर्माण सम्बन्धी आयोजना,

१०. <u>साझेदारी तथा समन्वयमा कार्यक्रम सञ्चालन गर्न सकिने:</u> (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम अन्य स्थानीय तह, विषयगत कार्यालय, गैर सरकारी संस्था, सार्वजनिक संस्थान, सहकारी, निजी क्षेत्र समेतको साझेदारी तथा समन्वयमा सञ्चालन गर्न सकिनेछ । यसरी साझेदारीबाट आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा अन्य क्षेत्रको न्यूनतम् ५० प्रतिशत लगानी हुने गरी साझेदारीको ढाँचा तयार गर्नुपर्नेछ ।

(२) गैर सरकारी संस्था, सहकारी र निजी क्षेत्रको साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानून बमोजिम सार्वजनिक रुपमा प्रस्ताव आह्वान गरी छनौट भएका सार्वजनिक प्रकृति र साझा उपयोग हुने खालका आयोजना मात्र सञ्चालन गर्न सकिनेछ ।

११. <u>रकम सम्बन्धी व्यवस्था:</u> (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम सशर्त अनुदानको रुपमा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालय मार्फत सम्बन्धित स्थानीय तहमा हस्तान्तरण हुनेछ ।

(२) उपदफा (१) बमोजिम रकम हस्तान्तरणको लागि सम्बन्धित स्थानीय तहले आयोजनाको सम्झौता संलग्न गरी रकम निकासाको लागि सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा माग गर्नुपर्नेछ । सो को जानकारी सम्बन्धित कार्यालयमा दिनुपर्नेछ ।

(३) यस कार्यविधि बमोजिमको कार्यक्रम स्वीकृत भइसकेपछि प्रदेश सभाको विघटन, कार्यकालको समाप्ति वा अन्य कुनै कारणबाट प्रदेश सभा सदस्यहरुको पद रिक्त भए पनि कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

सचिव



प्रमुख सचिव

(४) स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा कुनै आयोजनाको रकम कुनै कारणले बचत हुन गएमा संयोजकले सोही आयोजनामा थप काम गर्न वा दफा ८ बमोजिम छनौट भएका सम्बन्धित स्थानीय तहको अर्को कुनै आयोजनाको लागि त्यस्तो रकम थप उपलब्ध गराउन सक्नेछ ।

१२. **कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन:** (१) कार्यालयले दफा ८ बमोजिम छनौट भएका आयोजनाहरु कार्यान्वयनको लागि सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजनाहरु कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ । स्थानीय तहले आयोजनाको कार्यान्वयन प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम छनौट भएका आयोजना कार्यान्वयन गर्दा पचास लाख रुपैयाँ वा सो भन्दा बढी लागत अनुमान भएका आयोजना बोलपत्रको माध्यमबाट ठेक्का व्यवस्था गरी गर्नुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम छनौट भएका आयोजना कार्यान्वयन गर्दा पचास लाख रुपैयाँ भन्दा कम लागत अनुमान भएको आयोजना उपभोक्ता समिति मार्फत कार्यान्वयन गराउन सकिनेछ।

(५) यस कार्यविधि बमोजिम निर्माण हुने पूर्वाधार महिला, बालबालिका तथा अपाङ्गता भएका व्यक्तिले समेत प्रयोग गर्न सक्ने गरी गर्नु पर्नेछ ।

(६) यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरु उपभोक्ता समितिले ठेक्का वा अन्य कुनै तरिकाबाट अन्य व्यक्ति वा संस्था मार्फत काम गराएको पाइएमा निर्देशक समितिले त्यस्तो आयोजना रद्द गरी यस कार्यविधि अनुसार छनौट भएका अर्को आयोजनालाई रकम उपलब्ध गराउन सक्नेछ ।

(७) यस कार्यविधि बमोजिमका आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेतको जानकारी सम्बन्धित आयोजना स्थल, स्थानीय तहको सूचनापाटी तथा वेवसाइटमा समेत राख्नु पर्नेछ ।

१३. **सार्वजनिकीकरण तथा प्रतिवेदन:** (१) यस कार्यविधि बमोजिम छनौट भएका कार्यक्रमहरुको विवरण स्थानीय तहले सार्वजनिकीकरण गर्नुका साथै आफ्नो कार्यालयको वेवसाइटमा समेत राख्नुपर्नेछ ।

(२) यस कार्यविधि बमोजिम छनौट भएका कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना र खरिद योजना लगायतका विवरण सम्बन्धित स्थानीय तहले कार्यालय र प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नुपर्नेछ ।

(३) सम्बन्धित स्थानीय तहले सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन कार्यालयमा प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले सात दिन भित्र पठाउनु पर्नेछ ।

(४) सम्बन्धित स्थानीय तहको नियमित समीक्षा बैठकमा उपदफा (३) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम प्राप्त भएको प्रतिवेदनको आधारमा कार्यालयले चौमासिक प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।



प्रमुख सचिव

१४. <u>सार्वजनिक परीक्षणः</u> (१) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमहरु कार्य सम्पन्न भएपछि सार्वजनिक सुनुवाई मार्फत जनलेखा परीक्षण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जनलेखा परीक्षण गरेको प्रतिवेदन संलग्न नभएसम्म अन्तिम भुक्तानी दिन पाइने छैन ।

१५. <u>लेखा तथा लेखा परीक्षणः</u> यस कार्यविधि बमोजिम हस्तान्तरण भई आएको रकमको लेखाङ्कन, अभिलेखाङ्कन, लेखापरीक्षण र प्रतिवेदन गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ ।

१६. <u>कार्यालयको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u> (१) कार्यक्रमको छनौट, सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन र समीक्षा गर्न प्रशासनिक खर्चको रुपमा प्रदेश लेखा इकाई कार्यालयले अनुसूचि ३ बमोजिम हुन आउने रकम कार्यालयलाई उपलब्ध गराउनेछ ।

(२) कार्यक्रम सञ्चालन हुने स्थानीय तहमा समन्वय गरी कार्यक्रमलाई प्रभावकारी बनाउन संयोजकले एक जना प्रतिनिधि तोक्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिनिधि तोकिएमा उक्त प्रतिनिधिको यातायात खर्च र विविध खर्च समेतको लागि उपदफा (१) बमोजिमको रकम मध्येबाट बढीमा पचहत्तर हजार सम्म खर्च गर्न सकिनेछ । त्यस्तो खर्च कार्यक्रम कार्यान्वयनका लागि उपलब्ध गराइएको रकमबाट व्यहोरिनेछ ।

(४) उपदफा (३) बमोजिम हुन आउने रकम उक्त निर्वाचन क्षेत्रको लागि तोकिएको प्रतिनिधिले पेश गरेको बील भरपाईको आधारमा कार्यालयले भुक्तानी दिनेछ ।

तर यस कार्यक्रम अन्तर्गतको आयोजना कार्यान्वयन प्रक्रिया अगाडि नबढेसम्म यो रकम भुक्तान पाइने छैन ।

(५) उपदफा (२) बमोजिम तोकिएको प्रतिनिधिले यस कार्यविधि बमोजिमका आयोजनाहरुको कार्यान्वयनको अवस्था खुलाई कार्यालय र संयोजकलाई नियमित रुपमा प्रतिवेदन दिनु पर्नेछ । स्थानीय तहले आयोजनाको अन्तिम भुक्तानी दिंदा उक्त प्रतिवेदन समेतलाई आधार मान्न सक्नेछ ।

१७. <u>स्थानीय तहको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u> (१) स्थानीय तहले आयोजना कार्यान्वयन गर्दा प्रशासनिक खर्चको रुपमा कुल लागत अनुमानको बढीमा २ प्रतिशतसम्म रकम कन्टिन्जेन्सी खर्च वापत छुट्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छुट्याइएको रकमको बाँडफाँड कार्यक्रम तर्जुमा विद्यमान प्राविधिक जनशक्तिको क्षमता विश्लेषण गरी कार्यान्वयन गर्न सकिने गरी गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम कन्टिन्जेन्सी खर्चको बाँडफाँड गर्दा विभिन्न समितिको बैठक सञ्चालन, कार्यक्रमको सुपरिवेक्षण, अनुगमन, मूल्याङ्कन, समीक्षा र अन्य प्राविधिक कार्यमा छुट्याउन सकिनेछ ।

(४) उपदफा (१) बमोजिम छुट्याइएको रकम खर्च नभई बाँकी रहन गएमा उक्त रकम पूँजीगत कार्यमा खर्च गर्नुपर्नेछ ।

तर पूँजीगत शीर्षकमा बाँकी रहेको रकम कन्टिन्जेन्सी खर्चमा रकमान्तर गर्न सकिने छैन ।



प्रमुख सचिव

१८. **सुपरिवेक्षण तथा अनुगमनः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजना तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कनको लागि देहाय बमोजिम पूर्वाधार विशेष कार्यक्रम सुपरिवेक्षण तथा अनुगमन समिति रहनेछ ।

(क) सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी बसोबास भएका समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्यहरु मध्येबाट ज्येष्ठ सदस्य -संयोजक

(ख) सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी बसोबास भएका समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्य -सदस्य

(ग) सम्बन्धित जिल्ला समन्वय समिति प्रमुख -सदस्य

(घ) सम्बन्धित जिल्ला समन्वय समिति उप प्रमुख -सदस्य

(ङ) कार्यक्रम कार्यान्वयन हुने नगरपालिकाका उपप्रमुख -सदस्य

(च) कार्यक्रम कार्यान्वयन हुने गाउँपालिकाका उपाध्यक्ष -सदस्य

(छ) पूर्वाधार विकास कार्यालय प्रमुख -सचिव

तर कुनै कारणले सम्बन्धित प्रदेश निर्वाचन क्षेत्र भित्र स्थायी बसोबास भएका समानुपातिक प्रदेश सभा सदस्य नभएको अवस्थामा सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रको पहिलो हुने निर्वाचन प्रणालीबाट निर्वाचित प्रदेश सभा सदस्य सुपरिवेक्षण तथा अनुगमन समितिको संयोजक हुनेछ ।

(२) यस कार्यविधि बमोजिम सञ्चालन भएका कार्यक्रमको उपदफा (१) बमोजिमको पूर्वाधार विशेष कार्यक्रम सुपरीवेक्षण तथा अनुगमन समितिले अनुगमन गरी सोको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा पेश गर्नुपर्नेछ । साथै समितिमा आवश्यक पदाधिकारी, कर्मचारी, विज्ञ र प्राविधिकलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) स्थानीय तहले सार्वजनिक सुनुवाई, वार्षिक तथा चौमासिक प्रगति समीक्षा तथा आवधिक प्रतिवेदनमा यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरु समेत समावेश गर्नुपर्नेछ ।

(४) यस कार्यविधि बमोजिम सञ्चालन भएका कार्यक्रमको प्रतिवेदन मन्त्रालयले तोकेको प्रक्रिया अनुसार ई-रिपोर्टिङ्ग वा वेव वेस्ड रिपोर्टिङ्ग वा अन्य ढाँचामा नियमित रुपले उपलब्ध गराउनु पर्नेछ ।

१९. **आयोजना सम्झौता, पेश्की, प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारकः** यस कार्यविधि बमोजिम सञ्चालित हुने आयोजना तथा कार्यक्रमको सम्झौता, पेश्की, प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारक प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

२०. **मन्त्रालयले निर्देशन दिन सक्नेः** यस कार्यविधिको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित स्थानीय तह, पूर्वाधार विकास कार्यालय, कार्यक्रम परामर्श समिति, निर्देशन समिति र सुपरीवेक्षण तथा अनुगमन समिति र यस कार्यक्रमसँग सम्बन्धित सम्पूर्ण निकाय तथा पदाधिकारीको कर्तव्य हुनेछ ।

२१. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

२२. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध आएमा वा थप स्पष्ट पार्नु पर्ने भएमा मन्त्रालयले आवश्यकता अनुसार बाधा अड्काउ फुकाउन सक्नेछ ।



सचिव

प्रमुख सचिव

अनुसूची - १

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**पूर्वाधार विशेष कार्यक्रम कार्यान्वयन तालिका**

जिल्ला .........................

| क्र.सं. | सञ्चालन हुने आयोजनाको विवरण | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | सञ्चालन हुने न.पा./गा.पा./वडा नं./टोल | लागत सहभागिताबाट व्यहोरिने रकम | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रमबाट | स्थानीय तहबाट | गै.स.स. | जनसहभागित |
| | | | | | | | | | |

सचिव

प्रमुख सचिव

अनुसूची– २

(दफा ८ को उपदफा (६) सँग सम्बन्धित)

**कार्यालयले मन्त्रालय र प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्ने विवरण**

आर्थिक वर्षः २०७....../०७.......

जिल्लाः...................................... निर्वाचन क्षेत्र नं.........

| क्र.सं. | कार्यक्रम सञ्चालन हुने स्थानीय तह | आयोजनाको सङ्ख्या | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ................पालिका | | | |
| २ | ................पालिका | | | |
| ३ | ................पालिका | | | |
| ४ | ................पालिका | | | |
| ५ | ................पालिका | | | |
| ६ | .......................... | | | |
| ७ | .......................... | | | |
| | अनुसूची ३ बमोजिम कार्यालयको प्रशासनिक खर्चको रकम | | | |
| | निर्वाचन क्षेत्रको जम्मा | | | |

नोटः कुनै आयोजना एक भन्दा बढी स्थानीय तहको क्षेत्र भित्र पर्ने भएमा उक्त आयोजना कार्यान्वयनको लागि समितिले कुनै एउटा स्थानीय तहमा पठाउन वा कामको परिणाम अनुसार सम्बन्धित स्थानीय तहमा रकम बाँडफाँट गर्न सक्नेछ ।

सचिव

प्रमुख सचिव

अनुसूची– ३

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**कार्यालयको लागि प्रशासनिक खर्च सम्बन्धी व्यवस्था**

| क.सं. | विवरण (जिल्लामा कायम रहेका प्रदेश निर्वाचन क्षेत्र) | प्रशासनिक खर्च (सम्बन्धित निर्वाचन क्षेत्रको लागि विनियोजित भएको रकमको आधारमा) |
|---|---|---|
| १ | दुई वटा निर्वाचन क्षेत्र भएको जिल्ला | १% (एक प्रतिशत) |
| २ | चार वटा निर्वाचन क्षेत्र भएको जिल्ला | ०.७५% (शुन्य दशमलव सात पाँच प्रतिशत) |

सचिव

प्रमुख सचिव